लुम्बिनी प्रदेश सरकार
वन तथा वातावरण मन्त्रालय
वन निर्देशनालय

# डिभिजन वन कार्यालय,प्युठान

धनिश्वर न्यौपाने
निमित डिभिजनल वन अधिकृत

## काठ लिलाम सम्बन्धी विस्तृत सूचना

वादी नेपाल सरकार प्रतिवादी मान बहादुर थापा समेत भएको विना इजाजत खयर जातको रुख कटान र मुछान मुद्दामा बरामद भएको खयर जातको १८४.४८ क्यू.फिट काठ घाटगद्दीमा जे-जस्तो अवस्थामा छन् सोही अवस्थामा लिलाम विक्री गर्नु परेकोले सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ। वन पैदावारको कारोवार गर्न इजाजत प्राप्त र रित पुगेका काष्ठ व्यवसायीले यो सूचना मेचीकाली राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित मितिले २१ दिन भित्र महल ३ मा तोकिएको निकायबाट बोलपत्र खरिद गरि २१ औं दिन दिनको कार्यालय समय भित्र खरिद गरेको निकायमा दाखिला गर्न सकिने व्यहोरा सूचित गरिन्छ ।

१. लिलाम हुने वन पैदावारको विवरण

| लट नं | घाटगद्दी | जात | थान | परिमाण क्यु फि | राजश्वर दर प्रति घ. फि. | न्युनतम मुल्य रु. | सकलन खर्च |
|---|---|---|---|---|---|---|---|
| ०१/०८१/०८२ | ऐरावती ०३, खस्रेदमार | खयर | १७९ | १८४.४८ | १००० | १८४४८०।- | नियमानुसार संकलन खर्च थप लाग्ने छ । |

२. बोलपत्र खरिद तथा दाखिला गर्न पाइने अन्तिम मिति र समय :-

क. खरिद गर्ने अन्तिम मिति २०८१।१२।१० गते आइतवार कार्यालय समय भित्र ।

ख. दाखिला गर्ने अन्तिम मिति २०८१।१२।११ गते सोमवार दिउँसो १:०० बजे भित्र ।

३. बोलपत्र वन निर्देशनालय रुपन्देही र यस कार्यालयवाट खरिद गरी दाखिला गर्न सकिने छ ।

४. सिलबन्दी बोलपत्रसाथ कबोल रकमको १० प्रतिशतले हुन आउने धरौटी तथा राजश्व प्रदेश लेखा इकाई कार्यालय, प्युठानको नाममा नेपाल बैंक लि खलंगा, प्युठानमा रहेको कार्यालय कोड नं. ३२९०१५५०१५ ख.२.३ धरौटी खाता नं. ०५२०२०००००२००३००००००१ मा जम्मा गरेको सक्कल बैंक भौचर वा यस कार्यालयको नाममा खिचिएको बैंक ड्राफ्ट वा मान्यता प्राप्त बैकबाट जारी भएको कम्तिमा छ महिना अवधिको बैंक जमानत संलग्न हुनु पर्नेछ। नगद खामिइ फरक परेमा कार्यालय जवाफदेही हुने छैन ।

५. बोलपत्र फारम दस्तुर वापत नियमानुसार हुने रकम (फिर्ता नहुने) कार्यालय कोड ३२९०१५५०१५ राजश्व शिर्षक नं १४२६४ नेपाल बैंक लिमिटेडको खाता नं २७४०२०००००१००१००००००१ मा जम्मा गरी सोको भौचर सहित वन निर्देशनालय बुटवल रुपन्देही र यस कार्यालयवाट खरीद गरि खरीद गरेकै कार्यालयमा दाखिला गर्नु पर्नेछ ।

६. लिलाम विक्री हुने वन पैदावार सम्बन्धित घाटगद्दीमा गई हेर्न सकिने छ।

७. लिलाममा भाग लिन इच्छुक व्यवसायीले वन पैदावारको कारोवार गर्ने उद्धेश्यले दर्ता गरिएको व्यवसाय दर्ताको प्रमाण, नेपाली नागरिकताको प्रमाणपत्र, र मूल्य अभिवृद्धि कर दर्ता प्रमाणको प्रतिलिपि कर चुक्ताको प्रमाण तथा सुचिकृत प्रमाणपत्र बोलपत्रसाथ पेश गर्नुपर्ने छ ।

८. रितपूर्वक पर्न आएका बोलपत्रहरु वन निर्देशनालय रुपन्देहीवाट प्राप्त हुन आएपछि बोलपत्रदाता, निजका प्रतिनिधि वा अनुपस्थितिमा अन्य कार्यालयका प्रतिनिधिहरुको रोहवरमा यसै कार्यालयमा खोलिने छ ।

९. लिलाम स्विकृतीको जानकारी बोलपत्रमा उल्लेखित ठेगनामा पठाइने छ । जानकारी पाएको मितिले सकार गरेको रकम, नियमानुसार लाग्ने संकलन खर्च र कानुन बमोजिम तोकिएको अवधि भित्र रकम बुझाई जे जस्तो छ सोही अवस्थामा वन पैदावार उठाई लैजानु पर्नेछ ।

१०. सकार गरिएको रकम अंक र अक्षर दुवैमा लेख्नु पर्नेछ। अंक र अक्षरमा फरक परेमा अक्षरलाई मान्यता दिइने छ ।

११. सिलवन्दी भई नआएको, सम्वन्धित कार्यालयवाट विक्री नभएको वा बोलपत्रको फोटोकपी दाखिला गरेको, जसको नाममा विक्री भएको बोलपत्र फाराम हो, उसैको तर्फबाट दाखिला नगरेको, बोलपत्रदाताको हस्ताक्षर नभएको (फर्मको हकमा छाप र हस्ताक्षर नभएको) कबोल अंकको १० प्रतिशत धरौटी आफुले पेश गरेका अन्य बोलपत्रमा समेतको खाम्ने गरी समावेश नभएको र बोलपत्र आव्हानको सूचनामा तोकिएका अन्य सर्तहरु पुरा नभएको, बोलपत्र उपर कारवाही हुने छैन ।

१२. बोलपत्र, सिलवन्द गरी पेश गर्नुपर्नेछ र सिलवन्दी खाममा लट नम्वर, पेश गर्ने फर्मको नाम, ठेगाना र मोवाईल नं (ईमेल ठेगाना भए सो समेत) उल्लेख गरी सम्वन्धित निकायलाई सम्वोधन गरेर डिभिजन वन कार्यालय प्युठानको वनपैदावार लिलामको सिलवन्दी बोलपत्र भनी उल्लेख गरेको हुनपर्नेछ ।

१३. बोलपत्र स्विकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार, अधिकार प्राप्त अधिकारीमा निहीत रहने छ ।

१४. यसमा उल्लेख भएकोमा यसै बमोजिम र यसमा उल्लेख नभए जतिमा प्रचलित ऐन, नीति नियम ,निर्देशिका अनुसार हुने छ । प्रिन्ट मिस्टेक भै अन्यथा भएको अवस्थामा नियमानुसार हुनेछ ।

१५. उपरोक्त उल्लेखित कुनै दिनमा विदा परेमा सो को भोलिपल्ट कार्यालय खुलेको दिन सोही अनुसार हुने छ ।

१६. यस विषयमा अन्य केही जानकारी आवश्यक परेमा कार्यालय समय भित्र यस कार्यालयमा सम्पर्क राख्न सकिने छ ।

ईति सम्वत २०८१ साल फाल्गुण १९ गते रोज २ म शुभम् ।